## विकासकर्ता कम्पनीको दायित्व

१. परियोजनाको वित्तीय व्यवस्थापन वि.सं. २०८२ जेष्ठभित्र गरिसक्नुपर्ने

२. वातावरणीय प्रभाव मूल्यांकन/प्रारम्भिक वातावरणीय परीक्षण/संक्षिप्त वातावरणीय अध्ययन नेपालको प्रचलित कानुन बमोजिम गर्नुपर्ने तथा परियोजना कार्यान्वयनको क्रममा IFC Performance Standards वा ADB Safeguard Policy अवलम्बन गर्नुपर्ने

३. नेपाल औद्योगिक लाभ योजना अन्तर्गत : स्थानीय कामदार र निर्माण सामग्री प्रयोग तथा प्रविधि हस्तान्तरण हुनुपर्ने, नेपालीलाई रोजगारी तथा सीप विकास तालिमहरू प्रदान गर्नुपर्ने, परियोजना प्रभावित वासिन्दाहरूलाई पुनर्वास र पुनर्स्थापना गराउनुपर्ने, विपद् व्यवस्थापन योजना, कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा योजना तथा वातावरणीय व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्ने

४. परियोजना तथा कामदारको लागि उपयुक्त बीमाको प्रवन्ध गर्नुपर्ने

५. परियोजना प्रभावित स्थानीयलाई प्रतिपरिवार मासिक ३० युनिटसम्म नि:शुल्क विद्युत आपूर्ति गर्नुपर्ने

६. तोकिएको समयमै स्थानीय र सर्वसाधारणलाई सेयर जारी गर्ने, नेपाल सरकारलाई सम्झौता अनुसार नि:शुल्क विद्युत उपलब्ध गराउने साथै रोयल्टी, सहजीकरण शुल्क लगायतका शुल्कहरु समयभित्रै नेपाल सरकारको नाममा जम्मा गर्नुपर्ने

७. नेपालको प्रचलित कानुन पालना गर्नुपर्ने

८. हरित गृह ग्यास उत्सर्जन न्यूनीकरण लाभमा नेपाल सरकारको समेत हिस्सेदारी हुने

९. परियोजना हस्तान्तरण हुँदा परियोजनाको अवस्था चालु हालतमा (Good Operating Condition) रहेको हुनुपर्ने तथा परियोजनाको व्यावसायिक उत्पादन शुरु भएको मितिले दुई वर्षभित्र हस्तान्तरण योजना (Handover Plan) पेश गर्नुपर्ने


## तल्लो अरुण जलविद्युत् परियोजनाको सञ्चालन अवधिभरमा हुने अनुमानित वित्तीय लाभ (Estimated Financial Benefits from Lower Arun HEP During Operation Period)

| विवरण | नेपाल सरकारलाई प्राप्त हुने लाभ (करोड नेपाली रुपैयाँमा) |
|---|---|
| क्षमता दस्तुर (Capacity Royalty) | १,६३६.२१ |
| ऊर्जा रोयल्टी (पहिलो १५ वर्ष ऊर्जा निर्यात बिलको ७.५% र तत्पश्चात् १२%) | ४,२४५.३८ |
| निर्यात शुल्क (विद्युत बिक्री बिलको ०.००५%) | २.२७ |
| २१% नि:शुल्क ऊर्जाबाट प्राप्त हुने आय (४.९९ भारतीय रुपैयाँ प्रतियुनिट २५ वर्ष) | १२,०४५.९६ |
| सरकारलाई आयकर (१५ वर्षको छुटपश्चात् ६ वर्षको ५०% र ४ वर्षको १००%) | ८०३.९१ |
| कुल लाभ | १८,७३३.७३ |

(अन्य नियमानुसारको शुल्क)


नेपाल सरकार
लगानी बोर्डको कार्यालय
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : +९७७-०१-४५७५२७६, ४५७५२७७, ४५७५२७८
इमेल : info@ibn.gov.np
वेबसाइट : www.ibn.gov.np



नेपाल सरकार
लगानी बोर्डको कार्यालय



# तल्लो अरुण जलविद्युत परियोजनाको परियोजना विकास सम्झौता (Project Development Agreement) सम्बन्धी जानकारी

## परियोजनाको संक्षिप्त परिचय (Brief Overview of the Project)


कोशी प्रदेश, संखुवासभा जिल्लाको खाँदबारी नगरपालिका र चिचिला गाउँपालिकामा मुख्य संरचना रहने गरी निर्माण हुने ६६९ मेगावाट उत्पादन क्षमताको तल्लो अरुण जलविद्युत परियोजना निर्माणाधीन ९०० मेगावाट क्षमताको अरुण-३ सँग अन्योन्याश्रित रही संयुक्त रूपमा (Tandem) सञ्चालन हुने विशिष्ट प्रकृतिको जलविद्युत परियोजना हो। अरुण-३ जलविद्युत परियोजनाको टेलरेसबाट निस्कने पानी पुनः १७.४ किमी सुरुङबाट तल्लो अरुण जलविद्युत परियोजनाको खाँदबारी नगरपालिका वडा नं. २, बेतिनीस्थित पावर हाउसमा पठाएर विद्युत उत्पादन गरिन्छ। यस परियोजनाको अनुमानित लागत ९२ अर्ब ६७ करोड ७९ लाख रुपैयाँ रहेको छ।




## परियोजनाको संक्षिप्त विवरण यसप्रकार छ :

| | |
|---|---|
| परियोजनाको नाम | तल्लो अरुण जलविद्युत परियोजना [अरुण तेश्रो जलविद्युत परियोजनाको Tailrace बाट निस्कने पानी परियोजनाको हेडपण्ड (Headpond) मार्फत् पुन: सुरुङमा पठाई संयुक्त रूपमा (Tandem modality) सञ्चालन हुने] |
| विकासकर्ता | S.J.V.N. Lower Arun Power Development Company Pvt. Ltd. |

| | |
|---|---|
| परियोजना स्थल | संखुवासभा जिल्लाका खाँदबारी नगरपालिका र चिचिला गाउँपालिका |
| डिजाइन डिस्चार्ज | ३४४.६८ घनमिटर प्रतिसेकेन्ड |
| डिजाइन नेट हेड | २१२.६८ मिटर |
| हेडपण्ड | हेडपण्ड (२८ मिटर उचाई तथा ६६.४० मिटर लम्बाई, चौडाई २९.५ मिटर) |
| हेडरेस सुरुङ | १७.४ किलोमिटर लम्बाई/१०.५ मिटर व्यास |
| सर्ज साफ्ट | १३४.७५ मिटर गहिराई र ३३.८४ मिटर व्यास |
| विद्युत् गृह | सतही विद्युत गृह (१५० मिटर, २४ मिटर, ५३ मिटर) |
| टर्बाइन | फ्रान्सिस- ४ ओटा (प्रत्येकको क्षमता १६७.२५ मेगावाट) |
| टेलरेस | ७२.९३ मिटर लामो र ५० मिटर चौडा नहर |
| वार्षिक ऊर्जा उत्पादन | २९०१.०२ गिगावाट घण्टा |
| प्रसारण लाइन | ४०० केभीको २ किलोमिटर प्रसारणलाइन (डबल सर्किट) Loop in Loop Out बाट अरुण ३ जलविद्युत् परियोजनाको प्रसारणलाइनमा जोडी सोही प्रसारणलाइनमार्फत ढल्केबर सबस्टेशनसम्म पुऱ्याउने |
| परियोजना लागत (अनुमानित) | ९२ अर्ब ६७ करोड ७९ लाख रुपैयाँ |
| स्वपूँजी तथा ऋृण | ३०% र ७०% |




## परियोजनाको विकासक्रम (Major Milestones)

- लगानी बोर्डको २०७५ चैत १ को निर्णय अनुसार प्रतिस्पर्धात्मक विधिबाट विकासकर्ता छनौट गर्नका लागि २०७५ चैत १५ र १६ मा सम्पन्न लगानी सम्मेलनमा Showcase गरी आशयपत्र माग भएको ।
- २०७७ माघ १६ मा सम्पन्न लगानी बोर्डको ४६औं बैठकबाट सार्वजनिक निजी साझेदारी अन्तर्गत Build, Own, Operate & Transfer (BOOT) मोडलमा परियोजना विकास गर्नेगरी प्रस्ताव पेश हुन आएका प्रस्तावकमध्ये एसजेभीएन लिमिटेड छनौट भएको ।
- २०७८ असार २७ मा एसजेभीएन लिमिटेडसँग समझदारीपत्र (MoU) सम्पन्न भई परियोजनाको सर्वेक्षण अनुमतिपत्र जारी भएको ।
- समझदारीपत्रको व्यवस्था अनुसार SJVN Limited ले विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी पेश गरेकोमा बोर्डको निर्णय अनुसार लगानी बोर्डको कार्यालयले उपलब्ध गराएको राय तथा प्रतिक्रियाहरू समेत समावेश गरी २०७९/०२/१७ मा पेश गरेको Final DPR लगानी बोर्डको मिति २०७९/०४/२३ मा बसेको ५२औं बैठकले जानकारीमा (Acknowledge) लिएको ।
- २०७९ चैत ३० मा बसेको लगानी बोर्डको ५३औं बैठकबाट तल्लो अरुण जलविद्युत परियोजनाका लागि ९२ अर्ब ६७ करोड ७९ लाख रुपैयाँ लगानी स्वीकृत गर्नुका साथै विकासकर्तासँग वार्ता गरी परियोजना विकास सम्झौताको अन्तिम मस्यौदा तयार गर्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा वार्ता समिति गठन गरिएको ।
- २०८० जेठ १४ मा सम्पन्न लगानी बोर्डको ५४औं बैठकबाट PDA स्वीकृत भई मन्त्रिपरिषद्मा पेश भएको ।



- २०८० जेठ १६ मा मन्त्रिपरिषद्ले परियोजना विकास सम्झौता स्वीकृत गरी विकासकर्ता एसजेभीएन लोअर अरुण पावर डेभलपमेन्ट कम्पनीसँग सम्झौतामा हस्ताक्षर गर्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिएको ।
- सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालको भारत भ्रमणको क्रममा २०८० जेठ १८ गते नयाँ दिल्लीस्थित हैदरावाद हाउसमा नेपाल र भारतका प्रधानमन्त्रीहरूको समुपस्थितिमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्ट र विकासकर्ता कम्पनी (एसजेभीएन लोअर अरुण पावर डेभलपमेन्ट कम्पनी) का तर्फबाट एजजेभीएन लिमिटेडका अध्यक्ष तथा प्रबन्ध निर्देशक श्री नन्दलाल शर्माले हस्ताक्षर गरी परियोजना विकास सम्झौता सम्पन्न भएको ।

## परियोजना विकास सम्झौताका मुख्य तथ्यहरू (Key Facts of the PDA)

- निर्माण, स्वामित्वकरण, सञ्चालन र हस्तान्तरण (BOOT) मोडलमा आधारित ३० वर्षे सम्झौता (निर्माण अवधि समेत)
- विकासकर्ता कम्पनीमा स्वपूँजीको २५.१ प्रतिशत स्थानीय साझेदारी (प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई १० र सर्वसाधरणका लागि १५.१ प्रतिशत सेयर निष्काशन गर्नुपर्ने)
- नेपाललाई २१ प्रतिशत निःशुल्क ऊर्जा प्राप्त हुने
- नेपाललाई प्राप्त हुने निःशुल्क ऊर्जा प्रतिस्पर्धी दरमा बाह्य बजारमा बिक्री गर्न सकिने साथै नेपाल सरकारको अनुरोधमा निःशुल्क ऊर्जा बिक्री गर्न विकासकर्ता कम्पनीले सहजीकरण गर्ने
- क्षमता दस्तुर (capacity royalty) : व्यावसायिक उत्पादन मिति (COD) देखि
  १५ वर्षसम्मः नेरु. ४०० प्रतिकिलोवाट प्रतिवर्ष
  १५ वर्षदेखि २५ वर्षसम्मः नेरु. १८०० प्रतिकिलोवाट प्रतिवर्ष (५ प्रतिशतका दरले वृद्धि (escalation) हुने गरी
- ऊर्जा दस्तुरः व्यावसायिक उत्पादन मिति (COD) देखि
  १५ वर्षसम्मः प्रतिकिलोवाट घण्टा प्रतिवर्ष ऊर्जा बिक्रीको ७.५% का दरले
  १५ वर्षदेखि २५ वर्षसम्मः प्रतिकिलोवाट घण्टा प्रतिवर्ष ऊर्जा बिक्रीको १२% का दरले
- वातावरणीय सेवा शुल्क : खुद नाफाको १% विकासकर्ताले तिर्नुपर्ने (वन नियमावली, २०७९ अनुसार)
- सहजीकरण दस्तुरः व्यावसायिक उत्पादनपश्चात् मासिक ११ हजार ५ सय अमेरिकी डलर विकासकर्ताले तिर्नुपर्ने
- सम्झौता दस्तुर : १८ करोड ५३ लाख (सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७ अनुसार)
- आयकर सम्बन्धी व्यवस्थाः व्यावसायिक उत्पादनदेखि पहिलो १५ वर्ष १००% छुट र त्यसपछिका ६ वर्षसम्म ५०% छुट (२०८५ चैत मसान्तसम्म वित्तीय व्यवस्थापन भएमा)
- कानुनमा हुने परिवर्तनले गर्दा १० करोड रुपैयाँ भन्दा माथिको क्षतिको लागि मात्र विकासकर्ताले सरकारबाट क्षतिपूर्ति माग गर्न सक्ने, तर १० करोड रुपैयाँ माथिको लाभ भएमा सरकार र विकासकर्ताले आधा-आधा बाँड्नुपर्ने
- माथिल्लो तटीय फाइदा हुने भएमा आधा-आधा बाँडफाँडको व्यवस्था रहेको

## सरकार र विकासकर्ताका प्रमुख दायित्व (Key obligations of the Government and developer)

**सरकारको दायित्व**

१. पूरक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गर्ने
२. २४ महिनाभित्र परियोजना अनुमतिपत्र तथा प्रसारणलाइन अनुमतिपत्र जारी गर्ने
३. जग्गा प्राप्तिमा सहजीकरण गर्ने
४. गैर-नेपाली कामदारलाई प्रवेशाज्ञा सहजीकरण
५. आवश्यक बिस्फोटक पदार्थको आयात, ओसारपसार, भण्डारण र प्रयोगमा सहजीकरण
६. विदेशी विनिमय सुविधाको सुनिश्चितता
७. परियोजना पहुँच सडकको स्तरोन्नति तथा नयाँ सडक निर्माणका लागि कम्पनीलाई अनुमति
८. शान्तिसुरक्षाको व्यवस्था
९. आवश्यकता अनुसार कम्पनीको ऋृणदातासँग जमानत सम्बन्धी प्रत्यक्ष सम्झौता (Direct Agreement)
१०. नेपाल सरकारको तर्फबाट प्रदान गर्नुपर्ने स्वीकृति/सहमति/सिफारिशहरू उपलब्ध गराउने